आयोगबाट मिति २०८१/१२/१४ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरण

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	गुणराज श्रेष्ठ, मनिष कुमार कर्ण, संजय विलोटिया र वेद बहादुर राना (विशेष अदालतको मुद्दा नं. ०८०-CR-०१७१ र फैसला मिति २०८१/०६/०६)	गैरकानूनी लाभ हानी पुऱ्याउने बद्रियतले काम गरी भ्रष्टाचार गरेको	प्रतिवादीहरु गुणराज श्रेष्ठ, मनिष कुमार कर्ण, संजय कुमार बिलोटिया र बेद बहादुर राना मगरले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर गरेको पुष्टि भएको हुदाँ जम्मा विगो रु.३९,८९,६७७।७१ कायम गरी निज प्रतिवादीहरुलाई सोही ऐनको दफा ८ को उपदफा (१) वमोजिम कैद र बिगो बमोजिम जरिवाना हुनु पर्नेमा रु.७,३७,३०८।९२ असुल भई सकेको देखिएको हुँदा उक्त रकम घटाई बाँकी रकम रु.३२,५२,३६८।७९ सोही ऐनको दफा ८ को उपदफा (१) वमोजिम प्रतिवादीहरुवाट असुल उपर हुन मागदावी लिइएको	**फैसलाः** उक्त मुद्दामा बिशेष अदालतबाट फैसला हुँदा प्रतिवादीद्वय संजय विलोटिया र मनिष कुमार कर्णले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ क उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसूर पुष्टि हुन आएकोले निज प्रतिवादीहरुलाई ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम जनही ३ महिना कैद तथा विगोको दामासाहीले हुने जनही रु.१६,२६,१८४। ३९ जरिवाना हुने ठहर्छ। साथै ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम उक्त विगो	**उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरु गुणराज श्रेष्ठ र बेद बहादुर राना मगरलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको छ** **क.** प्रतिवादीहरु गुणराज श्रेष्ठ, कपिल शर्मा, मनिष कुमार कर्ण, संजय कुमार बिलोटिया र बेद बहादुर राना मगरको आपसी मिलोमतो तथा योजनामा नेपाल चिया विकास निगम लिमिटेड बिर्तामोड झापावाट आ.व.२०६९/०७० देखि २०७२/०७३ सम्मको विद्युत महशुल तिर्दा विद्युत प्राधिकरणवाट जारी बास्तविक बिल रकम जम्मा रु.१,९३,६५,६५१।७० भुक्तानी गर्नु पर्नेमा वास्तविक भए गरेको भन्दा बढीको नक्कली बिल भर्पाई पेश गरी गराई जम्मा रु.२,३३,५५,३२९।४३ रकम भुक्तानी लिई लिन लगाई नेपाल चिया बिकास निगम लिमिटेडवाट जम्मा रु.३९,८९,६७७।७१ बढी भुक्तानी लिई लिन लगाई निज प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) वमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो रु.३९,८९,६७७।७१ असूल हुनु पर्नेमा विगो मध्ये रु.७,३७,३०८।९२ असुल भई सकेको देखिएको हुँदा उक्त रकम घटाई बाँकी असुल हुन बाँकी रकम रु.३२,५२,३६८।७९ प्रतिवादीहरुवाट असुल उपर हुन मागदावी रहेको प्रस्तुत मुद्दामा प्रतिवादी गुणराज श्रेष्ठले समेत अनुसन्धानको वयानका क्रममा बिद्युत महसुल बुझाउन जाँदा क्यासियर कपिल शर्मा संगै जाने आउने गरेको उक्त कामको लागि जाँदा खाना/खाजा भत्ता बापत रु.५००/-, रु.१०००/- दिने गरेको थियो, रकम जम्मा गर्ने व्यक्तिको नाममा कहिले क्यासियरको नाम र कहिले मेरो नाम लेख्नु भन्नु हुन्थ्यो भन्ने समेत ब्यहोरा उल्लेख गरी इन्कारी वयान गरेतापनि प्रतिवादीहरु कपिल शर्मा, मनिष कुमार कर्णले प्रतिवादी गुणराज श्रेष्ठलाई पोल गरी विद्युत महशुल बुझाउने चेकको काम निज प्रतिवादी गुणराज श्रेष्ठले गर्ने गरेको भनी खुलाएको देखिन्छ भने नेपाल चिया विकास निगम बिर्तामोड झापाका कार्यालय प्रमुख लोकनाथ दंगालले अनुसन्धानको क्रममा कागज गर्दा, "प्रतिवादी गुणराज श्रेष्ठ कम्प्युटर अपरेटमा जानकार थिए। विद्युत प्राधिकरणबाट बिद्युत महशुलको बिल ल्याउने, सो बिल दबाई बढि रकमको फर्जि बिल पेश गरी निगमसँग बढि पैसाको चेक बनाई रकम निकाल्ने काम निज गुणराज श्रेष्ठबाट भएको थियो। क्यासियर कपिल शर्माले श्रमिकलाई ज्याला भुक्तानी गर्ने, अफिसमा दैनिक हुने खर्च भुक्तानी गर्ने, गुणराज श्रेष्ठसँग बैंक गई

				निज प्रतिवादीहरुबाट असूल उपर हुने तथा प्रतिवादीहरु गुणराज श्रेष्ठ र वेद बहादुर राना मगरले आरोपदावीबाट सफाई पाउने ठहर गरी फैसला भएको **प्रतिवादीद्वय संजय विलोटिया र मनिष कुमार कर्णले अभियोग मागदावी बमोजिम गैरकानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले काम गरी भ्रष्टाचार गरेको ठहर गरी विगो रकमलाई दामासाहीले प्रतिव्यक्ति जरिवाना हुने तथा विगो रकम यिनै प्रतिवादीहरुबाट असूल उपर हुने ठहर गरी फैसला भएको देखिदा निज प्रतिवादीद्वय संजय विलोटिया र मनिष कुमार कर्णको हकमा पुनरावेदन जिकिर लिइएको**	बैंकबाट पैसा निकाली ल्याउने काम गर्दथे। रु.७,३७,३०८।९२ विद्युत प्राधिकरण शाखा धुलाबारीमा कार्यरत कर्मचारी बेद बहादुर राणाले गुणराजसँग नगदै लिई विद्युत प्राधिकरणको नाममा जम्मा गरेका र अरु पैसा गुणराज श्रेष्ठले आफ्नो नाउको चेक बनाई बैंकबाट झिकी विद्युत प्राधिकरणलाई दिनु पर्ने रकम दिई बढि रकम गुणराज श्रेष्ठले मासी खाएका र केही चेक कपिल शर्माको नाममा पनि काटिएको कुरा बैंकको रिपोर्टबाट थाहा हुन आएको थियो। प्रतिवादी गुणराज श्रेष्ठले वयानमा चिया बगान नभएको मानिसको नाममा हरियो चियापत्ति खरिद गरेको देखाई र तयारी चिया पत्तिमा समेत बढि मुल्यमा बिक्री भएकोमा कम मुल्यमा बिक्री भएको देखाई निगमको रकम हिनामिना गरेको भनि दिएको वयान निजले सरासर झुटो कपोकल्पित गरेका हुन्" भनी गरेको कागजलाई अदालतको वकपत्रबाट समेत पुष्टि गरेका छन् प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) र (२) र दफा १८ बमोमजिम उक्त कागज व्यहोरा प्रस्तुत मुद्दामा Relevancy and Admissibility भई प्रमाणमा लिन मिल्ने नै देखिदा देखिदै उक्त प्रमाणको वेवास्ता गरी प्रतिवादीहरु गुणराज श्रेष्ठ र बेद बहादुर रानालाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण देखियो। **ख.** प्रस्तुत वारदात कै सन्दर्भमा यिनै प्रतिवादीहरु उपर जिल्ला अदालत झापामा ठगी मुद्दा दायर भई यी प्रतिवादी गुणराज श्रेष्ठ र बेद बहादुर रानालाई समेत कसूर ठहर भएकोमा उच्च अदालतबाट समेत कसूर ठहर भएको अवस्था देखिन्छ भने भ्रष्टाचारजन्य कसूरमा Principle of double Jeopardy को सिद्धान्त लागु नहुने दोहोरो कारवाही हुने अपवादजन्य मुद्दा रहेको तथ्य जानकारी हुँदा हुँदै यसै वारदातको ठगी तर्फ सजाय भएका प्रतिवादीहरुलाई भ्रष्टाचारजन्य कसूरमा समेत संलग्नता रहेको स्वतः पुष्टि हुने अवस्थामा उक्त तथ्यलाई विश्लेषण नगरी केवल तल्लो स्तरको कर्मचारीले कसूर गर्न सक्दैन भन्ने आत्मविश्लेषण गरी यि प्रतिवादी गुणराज श्रेष्ठलाई सफाई दिने गरी भएको फैसलामा बदरभागी देखियो। **ग.** प्रतिवादी बेद बहादुर राना मगरले आफू कार्यरत प्रशाखाबाट बढी भुक्तानी लिएको भनिएको रकम नेपाल चिया विकास निगमलाई बुझाएको भनी आरोपदावीमा नै निजले बुझाएको रकम कट्टा गरी बाँकी विगोमा मात्र दावी लिएको देखिदा निजको हकमा आरोपदावी पुग्न नसक्ने भन्ने आधारका निज प्रतिवादी बेद बहादर रानाले यदि कुनै कसूर गरी बढी भुक्तानी लिएकै थिएनन् भने एकजना लेखापाल पदमा कार्यरत कर्मचारीले यति धेरै रकम रु.७,३७,३०८।— के कुन आधारमा नेपाल चिया विकास निगमलाई फिर्ता गरेका हुन् सो को औचित्यता पुष्टि हुन सकेको छैन। हिनामिना गरेको विगो रकम तिर्दैमा फौजदारी कसूरबाट उन्मुक्ति पाउने र सजायको भागीदार हुनु नपर्ने भन्ने समेत नहुने हुँदा यी प्रतिवादी बेद बहादुर रानालाई सफाई दिने गरी भएको फैसला मिलेको

				छैन। **विशेष अदालतले फैसला गर्दा लिएका आधारः** **क.** प्रतिवादी गुणराज श्रेष्ठ हाकिमहरुले लाए अह्राएको कार्य गर्ने कार्यालय सहयोगी स्तरको कर्मचारी भएको देखिएकोले निजको हकमा आरोपदावी पुग्न नसक्ने। **ख.** प्रतिवादी बेद बहादुर राना मगरले आफू कार्यरत प्रशाखाबाट बढी भुक्तानी लिएको भनिएको रकम नेपाल चिया विकास निगमलाई बुझाएको भनी आरोपदावीमा नै	नदेखिदा बदरभागी देखिन्छ। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट सार्जन पाण्डे समेत विरूद्ध नेपाल सरकार भएको मुद्दा, सर्वोच्च अदात बुलेटिन, २०६६ मंसिर १, पूर्णाङ्क ४१७, पृष्ठ १९ र२० मा "**सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ। By conduct अर्थात् कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ**" भनि सिद्धान्त प्रतिपादन भएकोले यि प्रतिवादी वेद बहादुर रानाको कार्य व्यवहारले भ्रष्टाचार भएको तथ्य पुष्टि भएको हुँदा उपरोक्त नजिर अनुसार प्रतिवादीलाई सजाय गर्नु पर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ।

				निजले बुझाएको रकम कट्टा गरी बाँकी विगोमा मात्र दावी लिएको देखिदा निजको हकमा आरोपदावी पुग्न नसक्ने	